# तारखोला गाउँपालिका
# वार्षिक नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८३/०८४

तारखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ

२०७३

# ताराखोला गाउँपालिका

## गाउँपालिका अध्यक्ष धन बहादुर वि.क.द्वारा सम्मानित गाउँसभाको २० औं अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

यस ताराखोला गाउँपालिकाको गाउँसभाको २० औ अधिवेशनमा उपस्थित सभाका सदस्यहरू, राष्ट्रसेवक कर्मचारी, शिक्षक, राजनीतिक दलका प्रतिनिधिहरू, सुरक्षा कर्मी, निजी क्षेत्र, नागरिक समाज, पत्रकार तथा सम्पूर्ण ताराखोलाबासी आमाबुवा, दाजुभाइ दिदीबहिनी तथा उपस्थित अन्य महानुभावहरु ।

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । यस सन्दर्भमा सर्वप्रथम म ऐतिहासिक महान जनयुद्ध, जनआन्दोलन, जेनजी आन्दोलन तथा विभिन्न आन्दोलन लगायतका राष्ट्रिय संघर्षहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात, अज्ञात महान शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु, साथै घाईते, बेपत्ता योद्धाहरुप्रति सम्मान गर्दै उहाँहरुको परिवारजनप्रति गहिरो सहानुभूति प्रकट गर्दै, नेपालको संविधानले परिकल्पना गरेको समाजवादउन्मुख, समावेशी, आत्मनिर्भर र न्यायपूर्ण समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिका लागि स्थानीय सरकारलाई विकास, सेवा प्रवाह र जनजीविकाको प्रमुख आधारका रूपमा स्थापित गरिएको छ। यस संवैधानिक जिम्मेवारीलाई आत्मसात गर्दै ताराखोला गाउँपालिकाले स्थानीय आवश्यकता, भूगोल, प्राकृतिक स्रोत, साधन, जनसंख्याको संरचना, कृषि तथा पशुपालनको सम्भावना, पर्यटन विकास, श्रम तथा रोजगार, शिक्षा, स्वास्थ्य, सहकारी तथा पूर्वाधार विकासका विषयलाई केन्द्रमा राखी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

**सभाका सदस्यज्यूहरु,**

ताराखोला गाउँपालिका प्राकृतिक स्रोतले सम्पन्न, कृषि तथा पशुपालनमा आधारित, श्रमशील समुदायको बसोबास रहेकाले यहाँको मुख्य आयस्रोत कृषि, पशुपालन, वैदेशिक रोजगारी तथा परम्परागत श्रममा आधारित रहेको छ। ग्रामीण सडकको सीमित पहुँच, बजारीकरण, युवा पलायन, विपद् जोखिम, जलवायु परिवर्तन तथा रोजगारी अभावजस्ता चुनौती विद्यमान भए तापनि कृषि, पर्यटन, जडीबुटी, जलस्रोत, सहकारी तथा स्थानीय उद्योगमार्फत आर्थिक समृद्धि हासिल गर्ने व्यापक सम्भावना रहेको छ।

यस गाउँपालिकाले आगामी आर्थिक वर्षमा उत्पादन, रोजगारी, सामाजिक न्याय, सेवा प्रवाह, पूर्वाधार विकास तथा सुशासनलाई प्राथमिकतामा राख्दै "श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पूर्वाधार : गुणस्तरीय स्वास्थ्य र शिक्षा, एक घर एक रोजगार" को मुल नारालाई कार्यान्वयन गर्ने लक्ष्य लिएको छ।

**सभाका सदस्यज्यूहरु,**

**अब म ताराखोला गाउँपालिकाको मूल नारा, आगामी वर्षको दीर्घकालीन सोच, गन्तव्य, लक्ष्य, उद्धेश्य साथै विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती र नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्न चाहान्छु ।**

१. आधारहरु

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- विपद जोखिम न्यूनिकरण र व्यवस्थापन ऐन, २०७४
- संघ, प्रदेश र गाउँपालिकाको आवधिक योजना, दिगो विकासका लक्ष्यहरु र विकासका अन्तरसम्बन्धीत विषयहरु
- गाउँपालिकामा निर्माण भएका विभिन्न ऐन, नियमावली तथा कार्यविधिहरु
- गाउँपालिकाको मध्यमकालीन संरचना, गाउँपालिकामा उपलब्ध श्रोत र साधनहरु
- अन्तरस्थानीय तह सहकार्य सम्बन्धी साझा सरोकारका विषयहरु
- नेपाल सरकारको सोह्रौ आवधिक योजना र दिगो विकास लक्ष्य २०३० को मार्गचित्र
- स्थानीय आवश्यकताको साथै सरोकारवालाहरुको सल्लाह सुझाव
- संघ तथा प्रदेशले लिएका नीति तथा कार्यक्रम र बजेट
- ताराखोला गाउँपालिकाले निर्माण गरेको आवधिक योजना
- ताराखोला गाउँपालिकाले विगत वर्षमा पारित गरी कार्यान्वयन गरेको नीति, कार्यक्रम तथा बजेट
- नेपाल सरकारको शासकीय सुधार सम्बन्धी एक सय कार्य सूची

## २. मूल नारा

**"श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पूर्वाधारः गुणस्तरीय स्वास्थ्य र शिक्षा, एक घर एक रोजगार"**

## ३. दीर्घकालीन सोच, लक्ष्य र गन्तव्य

**दीर्घकालीन सोचः** "उत्पादनशील श्रम, आधुनिक कृषि, व्यवस्थित पर्यटन, सशक्त सहकारी, स्थानीय उद्योग, सबल पूर्वाधार, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामार्फत आत्मनिर्भर, समावेशी र समृद्ध ताराखोला निर्माण गर्ने।"

**गन्तव्यः** "सुखि नागरिक समृद्ध गाउँपालिका"

**लक्ष्यः** "श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पूर्वाधार : गुणस्तरीय स्वास्थ्य र शिक्षा, एक घर एक रोजगार"

## ४. मुख्य उद्येश्य

- प्रत्येक घरपरिवारलाई उत्पादन र रोजगारसँग जोड्ने।
- कृषि तथा पशुपालनलाई आधुनिक र व्यवसायिक बनाउने।
- पर्यटन र घरेलु उद्योगमार्फत स्थानीय आय वृद्धि गर्ने।
- गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सामाजिक सुरक्षा सेवामा सबैको पहुँच सुनिश्चित गर्ने।
- दिगो, वातावरणमैत्री, जलवायू अनुकुलन पूर्वाधार विकासलाई प्राथमिकता दिने।
- सहकारीमार्फत स्थानीय अर्थतन्त्र सुदृढ गर्ने।
- सुशासन, पारदर्शिता र प्रविधिमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने।

- ❖ युवालाई गाउँमै रोजगार र उद्यममा आबद्ध गर्ने।
- ❖ स्थानीय उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्ने।
- ❖ महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको सशक्तीकरण गर्ने।

## ५. अवसर तथा चुनौतीहरू

### ५.१ अवसरहरू

- ❖ कृषि, पशुपालन, जडीबुटी र नगदेबालीमा आधारित उत्पादन वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र विकास गर्ने सम्भावना।
- ❖ प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाको उपयोग गरी ग्रामीण पर्यटन विस्तार गर्ने अवसर।
- ❖ "एक घर एक रोजगार" अवधारणामार्फत स्थानीय रोजगारी सिर्जना गर्ने सम्भावना।
- ❖ सहकारी, घरेलु उद्योग र उद्यमशीलता विकासमार्फत स्थानीय आय वृद्धि गर्न सकिने।
- ❖ सडक, सिँचाइ, ऊर्जा र पूर्वाधार विस्तारबाट सेवा पहुँच र आर्थिक गतिविधि बढ्ने अवसर।
- ❖ शिक्षा, स्वास्थ्य र सीप विकासमार्फत मानव संसाधन सुदृढ गर्ने सम्भावना।
- ❖ डिजिटल प्रविधि र ई—गभर्नेन्समार्फत पारदर्शी र प्रभावकारी सेवा प्रवाह गर्ने अवसर।
- ❖ जलस्रोत, वन तथा वातावरणीय स्रोतको दिगो उपयोग गरी हरित विकास गर्ने सम्भावना।

### ५.२ चुनौतीहरू

- ❖ सीमित आन्तरिक राजस्व र वित्तीय स्रोतका कारण विकास कार्यक्रम कार्यान्वयनमा कठिनाइ।
- ❖ युवा जनशक्तिको वैदेशिक पलायनले श्रम र सीप अभाव हुनु।
- ❖ भौगोलिक विकटता, सडक तथा पूर्वाधारको कमी।
- ❖ प्राकृतिक विपद् (पहिरो, बाढी, भूक्षय र चट्याङ्ग) को उच्च जोखिम।
- ❖ कृषि उत्पादनको परम्परागत प्रणाली र बजार पहुँचको कमजोरी।
- ❖ दक्ष जनशक्ति तथा प्राविधिक क्षमता अभाव।
- ❖ डिजिटल साक्षरता र प्रविधि पहुँचमा असमानता।
- ❖ सहकारी तथा संस्थागत सुशासन सुदृढ गर्नुपर्ने आवश्यकता।

**सभाका सदस्यहरु,**

**अब म आर्थिक वर्ष २०८३।०८४ को विषयगत एवम् क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

## ६. आर्थिक विकास नीति

### ६.१ कृषि तथा पशु

#### ६.१.१ आधुनिक कृषि प्रणाली

- ❖ "एक वडा एक उत्पादन" कार्यक्रम लागू गरिनेछ।

- ❖ रैथाने, आलु, फापर, जौ, उवा, रातो धान, भागो, मकै, कोदो, सिमी, ओखर, अलैची, चिया, स्याउ,किबी, उँखु लगायत नगदे बाली तथा तरकारी बालीको व्यवसायिक खेती विस्तार गरिनेछ।
- ❖ ताराखोलामा बसाईँसराइले खाली भएका बाँझो जग्गाहरूलाई एकीकृत गरी 'भूमि बैंक' मार्फत सामूहिक अर्गानिक खेती गर्ने युवा समूह वा सहकारीलाई प्रोत्साहन गरिनेछ ।
- ❖ कृषि यान्त्रिकीकरणका बस्तुहरुमा अनुदान उपलब्ध गराइनेछ।
- ❖ उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ निजी तथा खालि बाँझो जग्गाको उपयोग गरि उत्पादन बढाउनको लागि टिमुर, कागती, स्याउ, किवि, अलैचि, बोधिचित्त, एभोकाडो, ओखर, आल्मण्ड लगायतका विरुवाहरु वितरण गरिनेछ ।
- ❖ कृषि तथा पशु क्षेत्रबाट उत्पादित बस्तुको न्यूनतम समर्थन मूल्य तोक्न कानुन निर्माण गरी आवश्यक कार्य अगाडि बढाइनेछ ।
- ❖ कृषि समुह, व्यावसायिक निजी फर्महरुलाई उत्पादन र विक्रीका आधारमा अनुदान उपलब्ध गराइनेछ ।
- ❖ आवश्यक समन्वय गरी कृषकहरुको कृषि तथा पशु विमा कार्य अगाडि बढाइने छ ।
- ❖ कृषि तथा बजार सूचनाका लागि व्यावसायिक कृषकहरूलाई बजारको भाउ र मौसमको जानकारी पाउन सजिलो होस् भनी सूचना प्रणालीमा आवद्ध गरिनेछ ।

### ६.१.२ जैविक कृषि तथा ब्राण्डिङ

- ❖ जैविक खेतीलाई प्रोत्साहन गरी "ताराखोला अर्गानिक उत्पादन" ब्राण्ड विकास गरिनेछ।
- ❖ प्राङ्गारिक मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- ❖ माटोको उर्वराशक्ति बढाउनका लागि माटो परीक्षण जस्ता कार्यहरु अगाडि बढाइनेछ ।

### ६.१.३ कृषि पूर्वाधार

- ❖ सिँचाइ कुलो, पोखरी तथा वर्षे पानी संकलन कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ कृषि सडक स्तरोन्नति गरिनेछ।
- ❖ गाउँपालिका भित्रका ५ वटै वडामा कृषि तथा पशुजन्य उत्पादन संकलन गरी सहकारी मार्फत विक्री गर्ने प्रवन्ध मिलाइनेछ ।
- ❖ आवश्यकताका आधारमा कृषि एम्बुलेन्स तथा चिस्यान केन्द्रको सुरुवात गरिनेछ ।

### ६.१.४ पशु विकास

- ❖ बाख्रा, भेडा, बंगुर, गाई, भैंसी तथा कुखुरापालनलाई व्यवसायिक बनाइनेछ।
- ❖ वडा स्तरमा महिला समूह तथा दलित समुदायलाई आत्मनिर्भर बनाउन कुखुराका चल्ला र सानो व्यवसाय सुरु गर्न बीउ पुँजी (Seed Money) वितरण गरिनेछ ।
- ❖ पशु स्वास्थ्य शिविर, पशुहरुको नश्ल सुधार तथा नियमित खोप कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ दुग्ध संकलन केन्द्र स्थापना गरि, सहकारी मार्फत विक्री गर्ने कृषकलाई विक्रिको आधारमा अनुदान उपलब्ध गराइनेछ।
- ❖ पशुपालक कृषकहरुको माग तथा आवश्यकताका आधारमा प्रविधि हस्तान्तरण प्रवर्द्धन कार्यक्रम गरिनेछ ।
- ❖ बाँझो जमिनमा पशुपालन व्यवसाय सञ्चालन गर्नका लागि घाँस खेती प्रवर्द्धन गर्ने कार्य सञ्चालन गरिनेछ ।

- ❖ आवश्यक औषधिहरु निशुल्क उपलब्ध गराइनेछ ।
- ❖ पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
- ❖ "एक गाउँ एक पशु पकेट क्षेत्र" कार्यक्रम लागू गरिनेछ।
- ❖ खोर सुधार तथा भकारो सुधार लगायतका कार्यका लागि अनुदान उपलब्ध गराइनेछ ।

## ६.२ श्रम रोजगार, सहकारी तथा वित्तिय

### ६.२.१ श्रमको सम्मान र उत्पादनशील रोजगार

- ❖ गाउँपालिकाले "श्रम नै सम्मान" अभियान सञ्चालन गर्नेछ।
- ❖ अध्यक्ष नवप्रवर्तन/अध्यक्ष रोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ गाउँपालिकाभित्र सञ्चालन हुने विकास आयोजनामा स्थानीय श्रमिकलाई प्राथमिकता दिइनेछ।
- ❖ दक्ष तथा अदक्ष श्रमिकको अभिलेखीकरण गरी "श्रम बैंक" लाई परिस्कृत बनाइनेछ ।
- ❖ योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई थप आवद्धता गरिदै लगिने छ ।
- ❖ प्रत्येक वडामा रोजगार सूचना केन्द्र सञ्चालन गरिनेछ।
- ❖ वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यम तथा उत्पादन क्षेत्रमा जोडिनेछ।
- ❖ जोखिम क्षेत्रमा काम गर्ने स्थानीय मजदुरहरूलाई जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी तालिम दिइनेछ ।
- ❖ रोजगारी सिर्जनाका लागि ३९० घण्टा बराबरको सिपमुलक तथा व्यवासायिक तालिम सञ्चालन गरी सिप प्रमाणिकरणका लागि आवश्यक समन्वय गरिनेछ ।

### ६.२.२ "एक घर एक रोजगार" कार्यक्रम

- ❖ प्रत्येक घरपरिवारको आयआर्जन अवस्था अध्ययन गरी रोजगार योजनामा आबद्ध गरिनेछ।
- ❖ कृषि, पशुपालन, पर्यटन, घरेलु उद्योग तथा सेवा क्षेत्रमा रोजगार सिर्जना गरिनेछ।
- ❖ सीप भएका युवालाई स्वरोजगार तथा व्यवसाय सञ्चालनमा सहजीकरण गरिनेछ।
- ❖ बेरोजगार युवालाई सीपमूलक तालिम प्रदान गरिनेछ।
- ❖ महिला तथा विपन्न परिवारलाई लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।

### ६.२.३ सहकारी तथा उद्यम विकास

- ❖ कृषि, दुग्ध, पशुपालन तथा जडीबुटीमा आधारित बहुउद्देश्यीय सहकारीलाई प्राथमिकता दिइनेछ।
- ❖ सहकारीमार्फत स्थानीय उत्पादनको संकलन, प्रशोधन तथा बजारीकरण गरिनेछ।
- ❖ घरेलु उद्योग, हस्तकला, काष्ठकला तथा स्थानीय उत्पादनमा आधारित उद्यमलाई प्रोत्साहन गरिनेछ।

## ६.३ उद्योग, वाणिज्य तथा पर्यटन

### ६.३.१ घरेलु तथा साना उद्योग

- स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ।
- औद्योगिक ग्रामको कार्यलाई निरन्तरता दिइनेछ ।
- अल्लो, हस्तकला, काष्ठकला, लोक्ता, जडीबुटी प्रशोधन तथा खाद्य उद्योगलाई प्राथमिकता दिइनेछ।
- महिला तथा युवालाई उद्योग स्थापना गर्न सीपमूलक तालिम प्रदान गरिनेछ।
- स्लेट ढुङ्गा, गिटी बालुवा, वन पैदावर, काठजन्य वस्तुहरुलाई घरेलु तथा साना उद्योगको रुपमा दर्ता गरी सञ्चालनको कार्यलाई निरन्तरता दिईनेछ ।

### ६.३.२ उद्यमशीलता विकास

- "एक वडा एक उद्यम" कार्यक्रम सञ्चालन गरिनेछ।
- नवउद्यमीलाई व्यवसाय योजना निर्माण तथा बजारीकरणमा सहयोग गरिनेछ।
- स्थानीय उत्पादनको ब्राण्डिङ गरिनेछ।
- गाउँपालिकालाई समयमै कर बुझाउने करदाताहरुलाई र अर्गानिक उत्पादन गर्ने उद्यमीहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।
- वडा स्तरमा महिला समूह तथा दलित समुदायलाई आत्मनिर्भर बनाउन आवश्यक प्राविधि सहयोग गरिनेछ ।

### ६.३.३ ग्रामीण पर्यटन विकास

- प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रवर्द्धन गरिनेछ।
- होमस्टे सञ्चालन तथा व्यवस्थापनमा सहयोग गरिनेछ।
- स्थानीय संस्कृति, भेषभूषा, कला तथा खानाको संरक्षण जस्ता कार्यक्रम संचालन गरिनेछ।
- स्थानीय मेलापर्व तथा सांस्कृतिक कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ।
- गाउँपालिकाको विस्तृत पर्यटन गुरुयोजना तयार गरिनेछ।

### ६.३.४ पर्यटन पूर्वाधार

- पदमार्ग, विश्रामस्थल तथा दृश्यावलोकन केन्द्र निर्माण गरिनेछ।
- धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको संरक्षण र आवश्यक पूर्वाधार निर्माण गरिनेछ।
- शहिद पार्कलाई स्थानीय पर्यटनको आकर्षक गन्तव्यका रुपमा विकास गर्न आवश्यक पर्यटकीय पूर्वाधार निर्माण, सौन्दर्यीकरण, संरक्षण तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नमुना वस्तीहरुमा पर्यटन आकर्षण पूर्वाधार विकास गरिनेछ ।

### ६.३.५ पर्यटन प्रवर्द्धन

- "ताराखोला पर्यटन महोत्सव" आयोजना गरिनेछ।
- डिजिटल माध्यमबाट पर्यटन प्रचारप्रसार गरिनेछ।
- साहसिक पर्यटन तथा इको–टुरिजमलाई प्रोत्साहन गरिनेछ।

## ७. सामाजिक विकास नीति

### ७.१ शिक्षा युवा तथा खेलकुद

#### ७.१.१ शिक्षा सुधार अभियान

- ❖ विद्यालयको सिकाइ उपलब्धि सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ अंग्रेजी, विज्ञान तथा गणित विषयमा विशेष सुधार कार्यक्रम लागू गरिनेछ।
- ❖ एकिकृत विद्यालय सञ्चालन गर्न स्कुल बस सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- ❖ विद्यालयमा डिजिटल तथा प्रविधिमैत्री शिक्षण प्रणाली लागू गरिनेछ।
- ❖ कक्षा ८ देखि १२ सम्मका विद्यार्थीको लागि कानूनी, नेतृत्व र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ मगर भाषाको विस्तारका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ दलित, द्वन्द्व पीडित तथा विपन्न वर्गका विद्यार्थीहरुलाई थप अतिरिक्त कक्षा सञ्चालन गर्न आवासिय सुविधामा सहयोग गरिनेछ ।

#### ७.१.२ प्राविधिक तथा व्यावसायिक शिक्षा

- ❖ कृषि, पशुपालन, कम्प्युटर तथा उद्यमशीलता सम्बन्धी प्राविधिक शिक्षा विस्तार गरिनेछ।
- ❖ विद्यालय तहमा सीपमूलक शिक्षा कार्यक्रम लागू गरिनेछ।
- ❖ विद्युतीय माध्यम तथा आधुनिक प्रविधिमा अभ्यस्त गर्नका लागि कृत्रिम बौद्धिकता (Artificial intelligence-AI) को तालिमको प्रदान गरिने छ ।
- ❖ सस्कार, संस्कृति र नैतिक शिक्षा प्रवर्द्धन गर्ने जस्ता कार्यक्रम संचालन गरिनेछ ।

#### ७.१.३ समावेशी शिक्षा

- ❖ दलित, जनजाति, अपाङ्गता भएका तथा विपन्न विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ।
- ❖ विद्यालय छाड्ने दर न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ ताराखोलाका सामुदायिक विद्यालयमा पढ्ने दलित, विपन्न तथा गरिब विद्यार्थीहरूलाई उच्च शिक्षा र प्राविधिक शिक्षाका लागि छात्रावृत्ति सहयोग गरिनेछ ।

#### ७.१.४ युवा सशक्तीकरण

- ❖ युवालाई स्थानीय विकास, सुशासन तथा निर्णय प्रक्रियामा सहभागी गराइनेछ।
- ❖ युवा नेतृत्व विकास तथा व्यक्तित्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ स्वयंसेवी तथा सामाजिक अभियानमा युवाको सहभागिता अभिवृद्धि गरिनेछ।

#### ७.१.५ युवा रोजगार तथा उद्यमशीलता

- ❖ "एक युवा एक सीप" अभियान सञ्चालन गरिनेछ।

- ❖ स्वरोजगार, उद्यमशीलता तथा नवप्रवर्तन कार्यक्रममार्फत युवालाई उत्पादनशील क्षेत्रमा आबद्ध गरिनेछ।
- ❖ वैदेशिक रोजगारीबाट फर्किएका युवाको ज्ञान, सीप र अनुभवलाई स्थानीय विकासमा उपयोग गरिनेछ।
- ❖ कृषि, पर्यटन, घरेलु उद्योग तथा सेवा क्षेत्रमा युवा उद्यम प्रवर्द्धन गरिनेछ।

### ७.१.६ खेल पूर्वाधार विकास

- ❖ वडा तथा पालिका स्तरमा खेलमैदानको संरक्षण, निर्माण तथा स्तरोन्नति गरिनेछ।
- ❖ विद्यालय तथा समुदायमा खेलकुद सामग्रीको उपलब्धता सुनिश्चित गरिनेछ।
- ❖ बहुउद्देश्यीय खेलकुद पूर्वाधार निर्माणका लागि पहल गरिनेछ।

### ७.१.७ खेल प्रतिभा विकास

- ❖ विद्यालय तथा समुदायस्तरीय खेलकुद प्रतियोगिता नियमित सञ्चालन गरिनेछ।
- ❖ उत्कृष्ट खेलाडीलाई प्रोत्साहन, सम्मान तथा प्रशिक्षणको व्यवस्था गरिनेछ।
- ❖ अध्यक्ष कप खेलकुद/ताराखोला महोत्सव सञ्चालन गर्न कार्य अगाडि बढाइनेछ ।
- ❖ राष्ट्रिय तथा प्रदेशस्तरीय प्रतियोगितामा सहभागिता बढाउन सहयोग गरिनेछ।

### ७.१.८ स्वस्थ जीवनशैली प्रवर्द्धन

- ❖ खेलकुदमार्फत स्वस्थ, अनुशासित र सिर्जनशील समाज निर्माण गरिनेछ।
- ❖ युवालाई लागूऔषध दुर्व्यसन, कुलत तथा सामाजिक विकृतिबाट टाढा राख्न खेलकुद तथा रचनात्मक गतिविधि सञ्चालन गरिनेछ।
- ❖ "एक वडा, एक खेलकुद कार्यक्रम" सञ्चालन गरी खेल संस्कृतिको विकास गरिनेछ।
- ❖ ध्यान, योग र आध्यात्मिक जस्ता क्रियाकलाप संचालन गरिनेछ ।

## ७.२ गुणस्तरीय स्वास्थ्य

### ७.२.१ आधारभूत स्वास्थ्य सेवा

- ❖ प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ।
- ❖ स्वास्थ्य चौकीहरूको स्तरोन्नति गरिनेछ।
- ❖ आवश्यक औषधि निःशुल्क उपलब्ध गराइनेछ।
- ❖ मेरुदण्डको चोट (Spinal Injury), जन्मजात पूर्ण अशक्त भएका, मस्तिष्क पक्षघात आदि कारणले पूर्ण अशक्त भएका, दीर्घरोगी विरामीको हेरचाह गर्ने व्यक्तिलाई आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ ।
- ❖ पूर्ण अशक्त विरामीहरुलाई हरेक महिनामा १ पटक घरमै गएर स्वास्थ्य परीक्षण तथा उपचार गरिनेछ ।

### ७.२.२ मातृ तथा शिशु स्वास्थ्य

- ❖ सुरक्षित मातृत्व कार्यक्रम प्रभावकारी बनाइनेछ।
- ❖ गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण सुनिश्चित गरिनेछ।
- ❖ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

### ७.२.३ विशेष स्वास्थ्य कार्यक्रम

- ❖ नियमित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- ❖ "उपाध्यक्षसँग सुत्केरी महिला" कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरूलाई र नवजात शिशुका लागि आवश्यक सामग्री सहितको 'पोषण झोला' लगायत कार्य अगाडि बढाइनेछ ।
- ❖ स्वास्थ्य स्वयमसेविकालाई प्रोत्साहन तथा सम्मान जस्ता कार्य अगाडि बढाइनेछ ।
- ❖ मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ ज्येष्ठ नागरिक स्वास्थ्य सेवा विस्तार गरिनेछ।
- ❖ टेलिमेडिसिन सेवा सञ्चालनका लागि पहल गरिनेछ।
- ❖ छात्राहरुलाई सुरक्षित महिनावारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

## ७.३ महिला, बालबालिका, लैङ्गिक समानता तथा सामाजिक न्याय र समावेशीकरण

- ❖ महिला सशक्तीकरण, उद्यमशीलता तथा आयआर्जन अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ शहिद परिवार, द्वन्द्वपीडित, विपन्न, सीमान्तकृत तथा सामाजिक रूपमा वञ्चित वर्गको आर्थिक सशक्तीकरणका लागि सीप विकास, उद्यमशीलता प्रवर्द्धन, स्वरोजगार तथा जीविकोपार्जन सुधारका कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- ❖ ऐतिहासिक जनयुद्धमा वलिदान गर्ने शहिद, घाइतेहरुको सपनालाई जिवन्त राख्न वृत्तचित्र बनाइनेछ ।
- ❖ ताराखोलाको ऐतिहासिक जनयुद्धको पृष्ठभूमिको मध्यनजर गर्दै शहीद, बेपत्ता र अपाङ्गता भएका परिवारलाई कार्यविधि अनुसार मासिक/वार्षिक रूपमा नगद जीवननिर्वाह भत्ता वितरण निरन्तरता दिइनेछ ।
- ❖ बालअधिकार संरक्षण, बालमैत्री स्थानीय शासन तथा बालविवाह, बालश्रम र बाल हिंसा न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ ताराखोला गाउँपालिकालाई बाल श्रममुक्त घोषणा गरिनेछ ।
- ❖ लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन तथा सामाजिक विभेदविरुद्ध सचेतना तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ दलित, आदिवासी जनजाति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला तथा विपन्न समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ समावेशी विकासको अवधारणाअनुरूप नीति निर्माण, योजना तर्जुमा तथा कार्यान्वयनमा सबै समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।
- ❖ सामाजिक सशक्तिकरणको लागि दलितहरुको परम्परागत सिप व्यवसायहरुलाई आधुनिकरण गरिनेछ ।
- ❖ लैंङ्गीक समानता तथा सामाजिक समावेशीकरणमा कुल बजेटको निश्चित प्रतिशत विनियोजन गरिनेछ ।
- ❖ महिलाहरुलाई होमस्टे सञ्चालनमा प्रोत्साहन गर्न आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ ।

### ७.४ भाषा, कला तथा संस्कृति

- ❖ स्थानीय भाषा, लिपि, कला, साहित्य, संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरिनेछ।
- ❖ स्थानीय जातजाति, समुदाय तथा संस्कृतिसँग सम्बन्धित ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गरिनेछ।
- ❖ परम्परागत कला, लोकसंगीत, लोकनृत्य, भेषभूषा तथा मौलिक संस्कृतिको प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ स्थानीय भाषा तथा संस्कृतिको पुस्तान्तरणका लागि विद्यालय, समुदाय तथा सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।
- ❖ सांस्कृतिक पर्व, जात्रा, मेला तथा महोत्सवको संरक्षण र प्रवर्द्धन गरिनेछ।
- ❖ भाषा, कला तथा संस्कृतिलाई पर्यटन विकास र स्थानीय आर्थिक समृद्धिसँग आबद्ध गरिनेछ।
- ❖ सांस्कृतिक सम्पदाको अभिलेखीकरण, दस्तावेजीकरण तथा डिजिटल संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

### ७.५ खानेपानी तथा सरसफाइ

- ❖ सबै नागरिकलाई स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवामा पहुँच सुनिश्चित गरिनेछ।
- ❖ ताराखोला गाउँपालिका भित्रका सम्पूर्ण मुहान दर्ता प्रक्रीयामा लगिनेछ ।
- ❖ पानीका मुहानहरुको सुद्धता परीक्षण गरिनेछ ।
- ❖ खानेपानी आयोजना निर्माण, विस्तार, मर्मत तथा दिगो व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
- ❖ पानीका मुहान, जलाधार क्षेत्र तथा जलस्रोतहरूको संरक्षण, संवर्द्धन र पुनर्भरण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ जलवायु परिवर्तनका असरलाई मध्यनजर गर्दै दीर्घकालीन खानेपानी स्रोत संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ समुदायमा सरसफाइ, स्वच्छता तथा स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरूमा सुरक्षित खानेपानी र सरसफाइ सुविधाको सुनिश्चितता गरिनेछ।
- ❖ फोहोरमैला व्यवस्थापन तथा प्लास्टिकजन्य प्रदूषण न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ पूर्ण सरसफाइ अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै स्वच्छ, स्वस्थ र वातावरणमैत्री समुदाय निर्माण गरिनेछ।

### ७.६ मानव अधिकार तथा सामाजिक न्याय

- ❖ संविधानप्रदत्त मौलिक हक, मानव अधिकार तथा सामाजिक न्यायको प्रत्याभूति सुनिश्चितताका लागि समन्वय गरिनेछ।
- ❖ सबै नागरिकलाई जात, जाति, लिङ्ग, धर्म, भाषा, वर्ग, भूगोल वा अन्य कुनै आधारमा हुने विभेदबाट मुक्त वातावरण निर्माण गरिनेछ।
- ❖ दलित, आदिवासी जनजाति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला तथा विपन्न समुदायको अधिकार संरक्षण र सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

- ❖ सामाजिक रूपमा पछाडि पारिएका तथा सीमान्तकृत समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी तथा आधारभूत सेवामा पहुँच अभिवृद्धि गरिनेछ।
- ❖ मानव अधिकार, लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई प्रभावकारी, पारदर्शी र लक्षित वर्गमैत्री बनाइनेछ।

## ८. पूर्वाधार विकास नीति

### ८.१ सडक तथा पुल

- ❖ गाउँपालिकाभित्र सुरक्षित, दिगो र सर्वसुलभ सडक सञ्जाल विस्तारलाई प्राथमिकता दिइनेछ।
- ❖ मुख्य सडक शहिदमार्ग (धनसिंह चोक, अमरभूमि, अर्गल साँघुबोट (तारा) रुमफेदि) र गल्कोट तारा रुम म्याग्दी सडकलाई कालोपत्रे, ढलान र स्तरोन्नति गरिनेछ ।
- ❖ सबै वडालाई पालिका केन्द्र, विद्यालय, स्वास्थ्य संस्था र बजारसँग जोड्ने सडक निर्माण तथा स्तरोन्नति गरिनेछ।
- ❖ ग्रामीण सडकहरूको नियमित मर्मत, वर्षायाममा अवरोध न्यूनीकरण तथा जोखिम व्यवस्थापन गरिनेछ।
- ❖ यस गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुको अधिकार क्षेत्र (Right of Way) तोकी सम्पूर्ण सडकहरुको जिरो प्वाइन्टबाट चेनएज अनुसार फिल्डमा र कार्यालयमा अभिलेख राखिनेछ ।
- ❖ मापदण्ड अनुसारको पूर्वाधार निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गर्न मेसन तालिम तथा अभिमुखिकरण कार्यक्रम गरिनेछ।
- ❖ आवश्यक स्थानहरूमा मोटरेबल पुल तथा झोलुङ्गे पुल निर्माणलाई प्राथमिकतामा राखिनेछ।
- ❖ रोड वायो इन्जिनियरिङ्गलाई प्राथमिकता दिइनेछ।

### ८.२ ऊर्जा

- ❖ विद्युत् पहुँच विस्तार गरिनेछ।
- ❖ सौर्य ऊर्जा कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ विद्युतीकरण नपुगेका टाढाका गोठ तथा बस्तीहरूका लागि घरेलु सोलार सेट, सडक बत्ती र धुवाँमुक्त गाउँ बनाउन सुधारिएको चुल्हो वितरण कार्य अगाडि बढाइनेछ।

### ८.३ भवन तथा शहरी विकास

- ❖ गाउँपालिकाभित्र सुरक्षित, व्यवस्थित र वातावरणमैत्री भवन तथा बस्ती विकासलाई प्राथमिकता दिइनेछ।
- ❖ सबै सार्वजनिक तथा निजी भवन निर्माणमा भवन संहिता (Building Code) नक्सा पास तथा अभिलेखिकरण मापदण्ड लागू गरिनेछ।
- ❖ भूकम्प, पहिरो तथा अन्य विपद् जोखिम न्यूनीकरण हुने गरी सुरक्षित आवास निर्माणलाई प्रोत्साहन गरिनेछ।
- ❖ योजनाबद्ध बस्ती विकासलाई प्रवर्द्धन गर्दै अव्यवस्थित बसोबास नियन्त्रण गरिनेछ।
- ❖ सार्वजनिक सेवा केन्द्र, बजार क्षेत्र तथा घना बस्तीहरूमा न्यूनतम शहरी पूर्वाधार विकास गरिनेछ।
- ❖ अपाङ्गमैत्री, बालमैत्री तथा ज्येष्ठ नागरिकमैत्री संरचना निर्माणलाई प्राथमिकता दिइनेछ।
- ❖ हरित भवन (Green Building) अवधारणा र वातावरणमैत्री निर्माण सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

- ❖ भवन तथा शहरी विकासमा प्राविधिक मापदण्ड, गुणस्तर र पारदर्शिता सुनिश्चित गरिनेछ।

## ८.४ सिँचाइ

- ❖ गाउँपालिकाभित्र कृषि उत्पादन वृद्धि गर्न दिगो, भरपर्दो र पर्याप्त सिँचाइ सुविधा विस्तारलाई प्राथमिकता दिइनेछ।
- ❖ सतह सिँचाइ, लिफ्ट सिँचाइ, पाइप सिँचाइ तथा साना सिँचाइ योजनाहरूलाई स्थानीय आवश्यकता अनुसार विकास गरिनेछ।
- ❖ वर्षा पानी संकलन, पोखरी निर्माण तथा जलस्रोत संरक्षणमार्फत सिँचाइ स्रोतको दिगो व्यवस्थापन गरिनेछ।
- ❖ परम्परागत कुलो प्रणालीको मर्मत, स्तरोन्नति र पुनःसञ्चालनलाई प्राथमिकता दिइनेछ।
- ❖ सिँचाइ पूर्वाधारलाई कृषि उत्पादन क्षेत्रसँग प्रत्यक्ष रूपमा जोड्ने गरी योजना कार्यान्वयन गरिनेछ।
- ❖ जलस्रोत संरक्षण, मुहान संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ जलवायु परिवर्तनको असरलाई मध्यनजर गर्दै जलस्रोत संरक्षण तथा पानीको प्रभावकारी उपयोगलाई प्रवर्द्धन गरिनेछ।

## ९. वन, वातावरण तथा विपद् व्यवस्थापन नीति

## ९.१ वन तथा वातावरण

- ❖ गाउँपालिकाभित्र रहेका वन, जैविक विविधता तथा प्राकृतिक स्रोतहरूको संरक्षण, संवर्द्धन र दिगो उपयोगलाई प्राथमिकता दिइनेछ।
- ❖ गाउँपालिका भित्रका सामुदायिक वनलाई सुचिकरण गर्दै, कार्ययोजना स्वीकृत गरी करको दायरामा समावेश गरिनेछ।
- ❖ सामुदायिक वन उपभोक्ता समितिहरूलाई वन डढेलो नियन्त्रण गर्ने तालिम र मिचाहा प्रकृतिका वनस्पतीको नियन्त्रण जस्ता कार्य अगाडि बढाइनेछ।
- ❖ सामुदायिक वन व्यवस्थापनलाई सुदृढ गर्दै वृक्षारोपण, वन पुनर्स्थापना तथा हरियाली विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ प्लास्टिक तथा फोहोरमैला न्यूनीकरण गरी स्वच्छ, हरित र वातावरणमैत्री गाउँपालिका निर्माण गरिनेछ।
- ❖ वातावरण संरक्षणका लागि समुदाय, विद्यालय तथा सरोकारवालासँग समन्वय गरी जनचेतना अभिवृद्धि गरिनेछ।

## ९.२ जलउत्पन्न प्रकोप नियन्त्रण

- ❖ गाउँपालिकाभित्र बाढी, पहिरो, भूक्षय तथा अन्य जलउत्पन्न प्रकोप न्यूनीकरणलाई उच्च प्राथमिकता दिइनेछ।
- ❖ पहिरो नियन्त्रणका लागि वृक्षारोपण, जैविक तटबन्ध तथा भू-संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ वर्षा पानी व्यवस्थापन तथा सुरक्षित निकास प्रणाली (Drainage System) सुधार गरिनेछ।
- ❖ अत्यावश्यक उद्धार सामग्री, राहत कोष तथा आपत्कालीन संयन्त्रलाई तयारी अवस्थामा राखिनेछ।

## ९.३ विपद व्यवस्थापन

- ❖ गाउँपालिकाभित्र विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनालाई एकीकृत रूपमा कार्यान्वयन गरिनेछ।

- ❖ विपद प्रतिकार्यका लागि प्रत्येक वडामा फ्रन्ट लाइन (Front Line) टोली गठन गरी आवश्यक तालिम प्रदान गरिनेछ ।
- ❖ बाढी, पहिरो वा आगलागीबाट पीडित स्थानीय परिवारलाई तत्काल उद्धार तथा राहतका लागि विपद व्यवस्थापनकोषमा थप रकम राखी आवश्यक राहत सामग्री वितरण गरिनेछ ।
- ❖ चटयाङबाट बच्न सम्पूर्ण सरकारी कार्यालय, गाउँपालिकाका उच्च जोखिम क्षेत्रमा रहेका घरहरुमा अर्थिङ गर्न सम्भाव्यता अध्ययन गरी साझेदारीमा कार्य अगाडि बढाइनेछ ।
- ❖ विपद व्यवस्थापन जस्ता ठूला पूर्वाधार र सेवाका क्षेत्रमा अन्य पालिकाहरु बिच साझा लगानी र साझेदारी लागु गर्ने नीतिगत व्यवस्था गरिनेछ ।
- ❖ बाढी, पहिरो, भूक्षय, आगलागी, भूकम्प तथा अन्य प्राकृतिक एवं मानवसिर्जित विपद्को जोखिम न्यूनीकरणलाई प्राथमिकता दिइनेछ।
- ❖ स्थानीय विपद् व्यवस्थापन समिति तथा वडास्तरीय संयन्त्रलाई सुदृढ र सक्रिय बनाइनेछ।
- ❖ आपत्कालीन राहत सामग्री, उद्धार उपकरण तथा विपद् कोषलाई तयारी अवस्थामा राखिनेछ।
- ❖ विपद् पछिको पुनःनिर्माण तथा पुनःस्थापना कार्यलाई दिगो र सुरक्षित मापदण्डअनुसार सञ्चालन गरिनेछ।

## १०. सुशासन तथा संस्थागत क्षमता विकास नीति

### १०.१ प्रशासनिक व्यवस्थापन तथा सुशासन

- ❖ गाउँपालिकाको सेवा प्रवाहलाई छरितो, पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाइनेछ।
- ❖ संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी आवश्यक दरबन्दी स्वीकृत गर्ने कार्य अगाडि बढाइनेछ ।
- ❖ सबै कर्मचारीहरुको मनोबल अभिवृद्धी गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन पारिश्रमिक, सेवा सुविधा तथा प्रोत्साहनका व्यवस्थालाई समयानुकुल पुनरावलोकन गरिनेछ ।
- ❖ ताराखोलाको नीति, नेतृत्व र परिवर्तनका ५ वर्ष कार्यकालको कार्यप्रगति तयार गर्ने कार्यक्रम गरिनेछ ।
- ❖ ई—गभर्नेन्स प्रणाली लागू गरी डिजिटल सेवा प्रवाहलाई विस्तार गरिनेछ।
- ❖ गाउँ कार्यपालिकाले निर्णय गरेको सशस्त्र युद्ध दिवस र मगर दिवसको विदालाई निरन्तरता दिइनेछ ।
- ❖ विभिन्न दिवस, शहिद सप्ताह लगायतका दिवसीय कार्यक्रमहरु मनाइनेछ ।
- ❖ गाउँपालिकाको खर्चलाई वस्तुपरक, अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यमकालीन खर्च संरचना (MTEF) पद्धतीलाई वस्तुगत रुपमा यथार्थपरक बनाइनेछ ।
- ❖ सबै विकास आयोजना तथा सेवा प्रवाहमा पारदर्शिता, प्रतिस्पर्धा र गुणस्तर सुनिश्चित गरिनेछ।
- ❖ कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास, तालिम तथा कार्यसम्पादन मूल्यांकन प्रणालीलाई सुदृढ गरिनेछ।
- ❖ भ्रष्टाचार नियन्त्रण, अनियमितता रोकथामका लागि शुन्य सहनशिलता तथा सुशासन प्रवर्द्धनका लागि आवश्यक कार्य अगाडि बढाइनेछ ।
- ❖ सूचना प्रवाहलाई खुला, सहज र समयमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- ❖ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा नागरिक सहभागिता सुनिश्चित गरिनेछ।
- ❖ सेवा केन्द्रहरूलाई प्रभावकारी बनाउँदै वडास्तरमै सेवा उपलब्ध गराउने प्रणाली विकास गरिनेछ।
- ❖ बैंकबाट वितरण भइरहेको सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित बनाइनेछ, बैकसँग समन्वय गरि बैंक सम्म भत्ता लिन आउन नसक्ने अशक्त तथा जेष्ठ नागरिकलाई घरमै भत्ता वितरणको व्यवस्था मिलाइनेछ ।
- ❖ सेवाप्रवाहमा घुम्तीसेवाहरुलाई प्राथमिकता दिइ जनतालाई घरदैलोमै सेवा दिइनेछ ।

- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण सेवाप्रवाह प्रति सेवाग्राहि सन्तुष्ट भए नभएको एकिन गर्नका लागि सेवाग्राहि सन्तुष्टि सर्वेक्षण (Exit Pole) जस्ता विषयबाट सुशासन मापन गरिनेछ ।
- विद्युतीय खरिद प्रणाली (E-Bid) लाई थप प्रभावकारी बनाइनेछ ।
- मालपोत, कर प्रशासन, तथा भूमि प्रशासनका कार्यहरु आवश्यक समन्वयमा सञ्चालन गरिनेछ ।
- घरपरिवारमा पुग्ने सबै खाले अनुदान एकद्धार प्रणालीबाट मात्र प्रवाहित गरिनेछ ।
- टोल विकास संस्था तथा आमा समूहलाई वित्तिय साक्षरता, डिजिटल साक्षरता र गाउँपालिकाको सेवा अनलाइनबाट लिन सिकाउनका लागि आवश्यक तालिम प्रदान गरिनेछ ।
- वातावरणीय प्रभाव मुल्याङ्कन गर्न आवश्यक क्षेत्रहरुकालागि सम्बन्धित निकायमा समन्वय गरेर कानून निर्माण गरी  सार्वजनिक निजी साझेदारी (PPP) मोडेल मार्फत कार्य गर्न सम्भाव्यता अध्ययन गरी अगाडी बढाइनेछ ।
- विकास निर्माण तथा चालु कार्यक्रमहरूको कार्यान्वयनलाई पहिलो र दोस्रो चौमासिकमै केन्द्रित गर्दै असारमा हुने अस्वाभाविक तथा चापयुक्त खर्चलाई नियन्त्रण गरिनेछ। योजना, कार्यक्रम तथा खरिद सम्बन्धी कार्यहरू वार्षिक कार्ययोजना र खरिद योजनाअनुरूप समयमै सम्पन्न गरिनेछ। विकास निर्माण, सेवा प्रवाह तथा खरिद व्यवस्थापनका कार्यहरूलाई वर्षभरि नियमित रूपमा सञ्चालन गरिनेछ ।

## १०.२ आर्थिक प्रशासन एंव व्यवस्थापन

- गाउँपालिकाको वित्तीय स्रोतको प्रभावकारी, पारदर्शी र उत्तरदायी व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
- आन्तरिक राजस्वको दायरा वृद्धि गर्दै कर प्रणालीलाई सरल, नागरिकमैत्री र प्रविधिमैत्री बनाइनेछ।
- बजेट तर्जुमा, विनियोजन र खर्च प्रणालीलाई योजना—आधारित, परिणाममुखी र प्राथमिकतामुखी बनाइनेछ।
- गाउँपालिकाको सबै बेरुजुलाई अध्ययन गरी सार्वजनिक लेखा समिति हुँदै सम्मानित सभा मार्फत बेरुजु सम्परीक्षण गर्ने कार्यलाई अगाडि बढाइनेछ।
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्दै अनुत्पादक खर्च न्यूनीकरण गरिनेछ।
- लेखा प्रणालीलाई डिजिटल र सूचना प्रविधिमैत्री बनाइनेछ।
- जोखिम न्यूनीकरण, स्रोत-साधनको मितव्ययी तथा प्रभावकारी उपयोग र सेवा प्रवाहको गुणस्तर अभिवृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ र प्रभावकारी बनाइनेछ।
- नियमित आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- संघ, प्रदेश सरकार तथा विकास साझेदारसँग समन्वय गरी स्रोत परिचालन गरिनेछ।
- सार्वजनिक खरिद प्रक्रिया प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाइनेछ।
- वित्तीय अनुशासन र जवाफदेहिता सुनिश्चित गर्न नियमित अनुगमन तथा मूल्यांकन प्रणाली लागू गरिनेछ।

## १०.३ राजश्व तथा आन्तरिक श्रोत परिचालन

- गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गरी वित्तीय आत्मनिर्भरता अभिवृद्धि गर्ने नीति अपनाइनेछ।
- करदाता दायरा विस्तार गर्दै सबै सम्भावित कर स्रोतको पहिचान र अभिलेखीकरण गरिनेछ।
- राजश्व सुधार कार्ययोजनालाई क्रमश लागु गरिदै लगिनेछ ।
- सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाइनेछ।
- कर चुहावट नियन्त्रण तथा कर प्रशासनलाई सुदृढ बनाउन नियमित अनुगमन प्रणाली लागू गरिनेछ।
- कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै स्वेच्छिक कर अनुपालन प्रवर्द्धन गरिनेछ।
- स्थानीय उत्पादन, पर्यटन, कृषि तथा सेवा क्षेत्रबाट राजस्व आधार विस्तार गरिनेछ।

- संघ तथा प्रदेश सरकारसँग समन्वय गरी अनुदान तथा स्रोत परिचालनलाई प्रभावकारी बनाइनेछ।

### १०.४ सूचना तथा सञ्चार

- गाउँपालिकाको सेवा प्रवाहलाई सूचना तथा सञ्चार प्रविधिमैत्री (ICT-based) बनाइनेछ।
- ई—गभर्नेन्स प्रणाली विस्तार गरी अनलाइन सेवा, डिजिटल अभिलेख तथा कागजरहित प्रशासन प्रवर्द्धन गरिनेछ।
- सबै वडामा सूचना प्रविधि पहुँच विस्तार गर्दै डिजिटल समावेशीकरण सुनिश्चित गरिनेछ।
- गाउँपालिकाको गतिविधि, योजना तथा निर्णयहरू समयमै सार्वजनिक गरी सूचना पारदर्शिता कायम गरिनेछ।
- वेबसाइट, सामाजिक सञ्जाल तथा अन्य डिजिटल माध्यममार्फत नागरिकसँग प्रभावकारी सञ्चार प्रणाली विकास गरिनेछ।
- नागरिक गुनासो व्यवस्थापन तथा प्रतिक्रिया प्रणालीलाई डिजिटल माध्यमबाट प्रभावकारी बनाइनेछ।
- कर्मचारी तथा जनप्रतिनिधिको सूचना प्रविधि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- दूरसञ्चार तथा इन्टरनेट सेवाको विस्तार र गुणस्तर सुधारका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।
- विपद् सूचना प्रणाली तथा आपत्कालीन सूचना सम्प्रेषण प्रणालीलाई सुदृढ गरिनेछ।

### अन्त्यमा

"श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पूर्वाधारः गुणस्तरीय स्वास्थ्य र शिक्षा, एक घर एक रोजगार" भन्ने मूल नारालाई आत्मसात गर्दै प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम उत्पादनमुखी अर्थतन्त्र, स्थानीय रोजगारी, सामाजिक न्याय, दिगो विकास र सुशासनमार्फत समृद्ध ताराखोला निर्माण गर्ने दिशामा केन्द्रित रहेको छ।

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, शिक्षक, राजनीतिक दल, पत्रकार, सुरक्षा कर्मी, सहकारी संस्था, निजी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम तथा सम्पूर्ण आम नागरिकबाट सक्रिय सहयोग र सहभागिता रहने विश्वास व्यक्त गर्दछौं।

**धन्यवाद !**

**मितिः २०८३।०३।०२ गते, मंगलबार, शुभम !**

धन बहादुर वि.क.
अध्यक्ष